आर्थिक वर्ष २०७७/०७८ को

# नीति, कार्यक्रम तथा बजेट

खाँडाचक्र नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मान्म, कालिकोट

कर्णाली प्रदेश, नेपाल

**सभा अध्यक्ष ज्यू,**

सर्वप्रथम म खाँडाचक्र नगरपालिकाको तर्फवाट हार्दिक अभिवादन एवं स्वागत गर्दछु । संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधानवाट स्थापित खाँडाचक्र नगरपालिकाका नागरिकको प्रतिनिधिमुलक गरिमामय नगरसभाको यस वैठकमा कोभिड -१९ महामारीको विषम परिस्थितिमा आगामी आर्थिक वर्ष २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न खाँडाचक्र नगरपालिकाको उप प्रमुखको हैसियतले उपस्थित भएको छु ।

देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम एवं अधिकार सम्पन्न वनाउने महान अभियानमा सहादत प्राप्त गर्नु भएका सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

कोभिड -१९ को विश्वब्यापी महामारीवाट सम्पूर्ण मानवजाती नै मानवीय र आर्थिकरुपमा संकटग्रस्त वनेको यस परिवेशमा भौतिक पुर्वाधार, रोजगारीको अवसर र श्रोतवाट यस खाडाचक्र नगरपालिकामा आ.व. २०७६/०७७ मा सोचे अनुरुप विकास निर्माण लगायत अन्य कामहरु सम्पन्न गर्न नसकिएता पनि सवै पक्षको सहयोग र समन्वयमा शुरुबात देखि नै कोभिड -१९ को रोकथाम नियन्त्रणका लागि यस नगरपालिकाले स्वास्थ्य सुरक्षा सामग्री वितरण, लकडाउनको कारण समस्यामा परेका नागरिकलाई राहत वितरण, अन्य जिल्लामा समस्यामा परेका नागरिकहरुलाई उद्दार, विदेशवाट आएका ब्यक्तिहरुलाई क्वारेन्टीन व्यवस्थापन लगायत अन्य कार्यक्रमहरु रणनैतिकरुपमा सक्रियतापुर्वक लागेको कुरा यस सभा मार्फत जानकारी गराउदछु ।

**सभा अध्यक्ष महोदय,**

यस नगरपालिका भित्र थुप्रै अवसर र संभावनाहरु रहेका छन । सकारात्मक सोचका साथ अगाडी वढेमा सुन्दर र समुन्नत नगरपालिका निर्माण गर्न सकिने धेरै सम्भाबनाहरु लुकेका छन । खाँडाचक्र नगरपालिकाले भएका श्रोत साधनहरुलाई भरपुर उपभोग गर्दै संघीय सरकार, प्रदेश सरकार अन्य बिकास साझेदार निकायहरु संग समन्वय गरी ठूला तथा मझौला आयोजना, योजना, परियोजनाहरुलाई योजनाबद्ध बिकास गर्न तपसिल वमोजिमका क्षेत्रहरुमा आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## क.) आर्थिक विकास क्षेत्र

**कृषि क्षेत्र :**

१. खाँडाचक्र नगरपालिकामा खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूताको मौलिक हकलाई कार्यान्वयन गर्न पहल कदमीकारुपमा यस बर्ष भित्र बाँझो जग्गा सदुपयोग गर्ने कार्य योजना तयार गरी व्यवसायीक खेती गर्ने कृषकलाई विउ तथा कृषि औजार उपकरणको खरिदमा अनुदान दिने व्यवस्था मिलाईने छ ।

२. खाँडाचक्र नगरपालिका क्षेत्र भित्र कृषि क्षेत्रमा लगानी गर्ने बैंक तथा वित्तीय संस्थाहरु रहेकाले यस नगरपालिकामा कृषि उद्यम सम्बन्धी परियोजनाहरु विकास गरी कृषिमा लगानी बढाउन बैंक तथा वित्तीय संस्थाहरुसँग अन्तरक्रिया गरिने व्यवस्था मिलाईने छ ।

३. कृषि उत्पादनका बजारीकरण तथा विकासका लागि ग्रामीण पूर्वाधार तथा कृषि सडकहरुको विकास गरी खाद्यान्न, तरकारी, फलफूल जस्ता कृषि उपज संकलन केन्द्रहरु सम्म पुर्‍याउने व्यवस्था मिलाइने छ । यस्ता बाटो नपुगेका ग्रामीण क्षेत्रहरुको कृषि उपजका बजार पहुँच बढाउन बाटो पुगेका स्थान सम्ममा कृषि संकलन केन्द्र स्थापना गरिने छ ।

४. खाँडाचक्र नगरपालिकाका भित्रका वास्तविक कृषकहरुको तथ्यांक अभिलेख गरी पहिचानको आधारमा **कृषक प्रमाण पत्रको** व्यवस्था मिलाईने छ ।

५. कृषि उत्पादक र उपभोक्ता बीच रहेका धेरै तहका मध्यस्तकर्ताहरुलाई घटाइ कृषि उत्पादनको बजार मूल्यको अधिकतम हिस्सा किसानसम्म पुऱ्याउन समुह सहकारी मार्फत **कृषि हाट वजारको** व्यवस्था मिलाईने छ ।

६. यस नगरपालिका भित्र फलफूल, तरकारी र उच्च मूल्यका कृषि वस्तुहरुको व्यवसायिक उत्पादन गर्न पकेट क्षेत्र घोषणा गरी किसानलाई मौरीपालन, च्याउ खेती, फलफूल व्यवसायमा आकर्षण गर्न प्रोत्साहन गरिनेछ ।

७. खाद्य तथा पोषण सुरक्षाका लागि **"एक घर एक करेसावारी"** स्थापना गर्न नगरवासीलाई आह्वान गरी यसका लागि स्थलगत तालीम दिने व्यवस्था मिलाईन छ ।

८. कृषि उत्पादनलाइ चाहिने मल, बीउ, बिषादी, औषधी, उपकरण र अन्य आवश्यक सेवाहरु समुदाय स्तरमा पुग्ने गरी व्यवस्था मिलाईने छ ।

९. यस नगरपालिकाले चालु आ.व.मा स्थापना गरिएको कृषि बिउ बैंकलाई अनुदान दिई जिल्ला भरमा आवश्यक पर्ने स्थानीय स्तरमा पाईनै रैथाने अन्न वालीहरु (मकै, कोदो, कागुनो, जुनेलो, फापर, चिनो) र प्राकृतिक प्रकोपवाट लोभ भएका अन्नवालीलाई संकलन गरी कृषकहरुलाई अनुदानमा वितरण गर्न व्यवस्था मिलाईने छ ।

**पशु सेवा :**

१. खाँडाचक्र नगरपालिकामा गाई, भैसी, भेडा, बाख्रा उन्नत जातका लागि नश्ल सुधारका साथै कृत्रिम गर्भधानको ब्यबस्था मिलाईने छ ।

२. यस नगरपालिका भित्र भैसी व्यवसाय गर्ने इच्छुक किसानहरुलाई **लागत साझेदारीमा भैसी प्रवर्द्धन कार्यक्रम** मार्फत अनुदान दिने व्यवस्था मिलाईएको छ ।

३. खाँडाचक्र नगरपालिका वडा न ३ मा कुखुरा विकास कार्यक्रमलाई प्रवर्द्धन गर्न स्थापना भएको ह्याचरी लाई निरन्ताका लागि अनुदान दिने ब्यवस्था मिलाईने छ ।

४. यस खाँडाचक्र नगरपालिका भित्र वाख्रा पालन गर्ने कृषकहरुलाई **साना व्यवसायी कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम** संचालन गरिने छ ।

५. दर्तावाला समुह/समितिलाइ विभिन्न तालिम, गोष्ठि सञ्चालन गरी नयाँ ज्ञान, सिप प्रबिधिको बिकास गर्दै कृषकहरुलाइ पशुपालन व्यवसायमा थप आकर्षण गराइने छ ।

६. नगरपालिका वजार भित्र निर्मित वधशालालाई थप ब्यवस्थित गरी संचालनमा ल्याईने छ ।

७. खाँडाचक्र नगरपालिकामा पशुपंक्षी लाइ व्यवसायीकरण गर्ने उद्देश्यले टर्कीको चल्ला वितरण गरी परीक्षणकोरुपमा शुरुवात गरिने छ ।

८. नगरपालिका भित्रका कुखुरापालक एक कृषक समुहहरुलाई स्थानीय स्तरमा दाना तयार गर्नका लागि **७५ प्रतिशत अनुदानमा दाना प्रशोधन मेशिन** उपलब्ध गराईने छ ।

**पर्यटन विकास :**

१. प्राकृतिक, साँस्कृतिक, जैविक विविधता संरक्षण प्रवर्द्धन गर्दै खाँडाचक्र नगरपालिकालाइ रमणीय सुरक्षित गन्तव्य स्थानकारुपमा विकास गरिने छ ।

२. ऐतिहासिक कोटदरवार क्षेत्रमा **पार्क र वाल उद्यान केन्द्र** निर्माण गरी थप ब्यवस्थित गर्नका लागि आवश्यक बजेट को ब्यवस्था गरिएको छ ।

३. चुलिमालिका पंचदेवल मन्दिर, कोटदरवारलाई धार्मिक तथा ऐतिहासिक पर्यटन क्षेत्रकोरुपमा विकास गरी आन्तरीक तथा वाह्रय धार्मिक पर्यटकहरुलाइ भित्राउन आवश्यक पुर्वाधार विकास गर्ने ब्यवस्था मिलाईएको छ छ ।
४. विभिन्न पाटन क्षेत्र, स्थानीय धार्मिक स्थान, कर्णाली दोभान लगायतका थुप्रै पर्यटकीय क्षेत्रहरुको संरक्षण गरी चलचित्र पर्यटनकोरुपमा विकास गरिने छ ।
५. पिलिलाइ युद्ध पर्यटकीय क्षेत्रकोरुपमा थप विकास गरिने छ ।
६. थोरेमा रहेको प्राकृतिक नेपालको नक्साको संरक्षण गरी प्रचार प्रसार गर्न विशेष जोड दिइने छ ।
७. पर्यटन विशेष सुरक्षा नीति अवलम्वन गरिने छ ।
८. खाँडाचक्र नगरपालिका भित्रका होटेल तथा अन्य ब्यबसायीहरुलाई पर्यटक मैत्री सुचना प्रवाह पर्यटक आकर्षक गर्ने ब्यबस्था गर्न आबश्यक तालिम तथा स्तर बृद्धि गर्ने ब्यबस्था गरिने छ ।

**उद्योग वाणिज्य :**

१. नगरपालिका क्षेत्र भित्रका उद्यमी तथा व्यवसायीहरुलाइ प्रवर्द्दन गरी छरिएका साना व्यवसायी एकिकृत तथा साना व्यवसायी उद्यम सञ्चालनमा सहयोग गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
२. यस नगरपालिकामा उपलव्ध जडिवुटिहरु प्रसोधन तथा प्रोसेसिङ्ग कार्य गर्न जडिवुटि उद्योग सञ्चालन गरी आन्तरिक आयमा बृद्धि गरिने छ ।
३. यस नगरपालिकाका वजार क्षेत्र तथा सडक छेउछाउका साना वजार, गाउघरमा रहेका होटल पसल तथा साना व्यवसायी दर्ता गर्न लगाई सुचिकृत गरिने छ ।
४. दर्ता भई सञ्चालनमा आएका व्यवसायीहरुलाई करका दायरामा ल्याई नगरपालिकाले लिएको आगामी वर्षको राजश्व संकलनको लक्ष्य पुरा गर्न कार्यविधि निर्माण गरी कडाईका साथ कार्यान्वयनमा ल्याइने नीति लिएको छ ।
५. नगरपालिका भित्रका वेरोजगार **युवा युवतीहरुका लागि उद्यम विकास कार्यक्रम** अन्तर्गत रोजगारमुलक कार्यक्रम संचालन गरिने छ ।
६. खाँडाचक्र नगरपालिका भित्र अति गरिव परिवारलाई लक्षित गरी साझा सुविधा केन्द्रको स्थापना गरिने छ ।
७. लघु तथा घरेलु उद्योग विकास संचालन गरिरहेको उद्यमीहरुलाई आवश्यकताको आधारमा सिपविकास तालिम तथा प्रविधि हस्तान्तरण गरिने छ ।

**सहकारी :**

१. नगरपालिकाका क्षेत्रभित्र कार्यक्षेत्र वनाई सहकारी डिभिजन कार्यालयवाट हस्तान्तरण भएका सम्पुर्ण सहकारी संस्थालाइ थप ब्यवस्थित गराईने छ ।
२. सहकारी बिकास तथा प्रर्बद्धनात्मक कार्यक्रम बनाई कार्यक्रम कार्यान्वयन गर्नका लागि बजेट को ब्यवस्था गरिएको छ ।
३. गरिवी निवारणकोषवाट प्रवर्द्धित सामुदायिक संस्थाहरुमा रहेको घुम्ती कोषको रकमको लगत राख्ने र सो रकम मार्फत रोजगारी सृजना, आयआर्जन र उत्पादनमुलक कार्यमा परिचालन गर्न सामुदायिक संस्थाहरुलाई सहकारी प्रणालीमा रुपान्तरण गरिने छ ।

## ख.) सामाजिक विकास क्षेत्र

**शिक्षा :**

१. खाँडाचक्र नगरपालिका भित्रका सम्पुर्ण शैक्षिक संस्थाहरुमा शिक्षा सुधार योजना र शिक्षा सुधार रणनीति तयार गरी कार्यान्वयन ल्याईने छ ।

२. यस नगरपालिका भित्र रहेका सम्पुर्ण बाल बिकास केन्द्र, सामुदायिक बिद्यालयहरु बाल मैत्री, अपांग मैत्री वनाउनुका साथै विद्यार्थी संख्याको आधारमा पर्याप्त शैक्षिक सामाग्री, पुस्तकालय, छात्र/छात्रा शौचालय, खेल मैदान निर्माण, स्वच्छ खानेपानी तथा स्वच्छ वातावरण सृजना गर्न पहल गरिने छ ।

३. यस नगरपालिका भित्रका सम्पुर्ण बिद्यालयहरुमा आर्थिक पारदर्शिता, सुशासन कायम गरी सर्वपक्षीय सुधार गर्न बिद्यालय सुधार योजना (SIP) निर्माण गरी कार्यान्वयन गर्न लगाईने छ । सो कार्य भए/नभएको नियमित अनुगमन गरिने छ ।

४. यस नगरपालिका क्षेत्र भित्रका सम्पुर्ण बालबिकास केन्द्र, आधारभुत बिद्यालयहरु र माध्यामिक बिद्यालयहरुका आबश्यक दरबन्दी हेरी दरबन्दी बिहिन बिद्यालयहरुमा दरबन्दीको ब्यबस्था गर्न पहल गरिने छ साथै शुन्य दरबन्दी भएका द्यिालयहरुलाई बिद्यार्थी संख्याका आधारमा शिक्षण सिकाई ब्यबस्थापन अनुदानको ब्यबस्था गरिएको छ ।

५. बालबालिकाहरुका सर्बाङ्गिक बिकासका लागि बिद्यालय स्तरीय तथा अन्तर बिद्यालय स्तरीय अतिरिक्त क्रियाकलापहरु संचालन तथा बिद्यालय स्तरीय बाल क्लब गठन तथा पुनर्गठन र अभिभाबक, शिक्षक, बिद्यार्थी बिच गुणस्तरीय शिक्षा सम्बन्धी बिभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

६. नेपाल सरकारको साक्षरता घोषणा अभियानलाई सहयोग पुऱ्याउन नगरपालिकाका ११ वडाहरुलाई साक्षरता घोषणा गरिने छ ।

७. यस नगरपालिका भित्रका सामुदायिक अध्ययन केन्द्रहरुलाई व्यवस्थितरुपमा सञ्चालन गरी सुचना केन्द्रकोरुपमा विकास गरिने छ ।

८. शिक्षाको गुणस्तर वृद्धिका लागि शिक्षक तालिम, शैक्षिक सामग्री निर्माण, शिक्षक -अभिभावक, विधार्थी व्यबस्थापन समिति बिच अन्तरक्रिया भेला, अभिभावक भेला गरिने छ ।

९. यस नगरपालिका भित्र प्रारम्भिक बालबिकास ब्यबस्थापनलाई उच्च प्राथमिकता दिदै संचालित बालबिकास केन्द्रहरुलाई ब्यबस्थापन गर्न नगरपालिकावाट थप भएका बाल बिकास केन्द्रलाई ब्यवस्थित गरिने छ ।

१०. यस नगरपालिकामा संचालित केहि विद्यालयहरुलाई ब्यवस्थित वनाउनका लागि प्रयोगमा ल्याईएको डिजिटल हाजिरीको प्रभावकारी अनुगमन गरिने छ ।

११. यस नगरपालिकाको शिक्षा ऐनमा भएको कानुनी ब्यबबस्थाको आधारमा विद्यालय मिलान तथा दरबन्दी मिलानको कार्यलाई निरन्तरता दिईने छ ।

१२. यस नगरपालिका भित्रका बिपन्न, दलित, टुहुरा, असहाय, द्वन्द्व पिडित तथा जेहेन्दार छात्र/छात्राहरुका लागि नगर छात्रबृत्ति कोष मार्फत उच्च शिक्षा तथा प्राबिधिक शिक्षा तर्फ पठन पाठनका लागि छात्रबृत्तिको ब्यबस्था गरिने छ ।

१३. विद्यालयमा पठन पाठनलाई व्यवस्थित वनाइ शिक्षकहरुको क्षमता पुनर्ताजगी गर्नको लागि तालिमको व्यवस्था गरिने छ ।

१४. हालको विद्यमान कोभिड १९ वाट प्रभावित वालवालिकाहरुलाई रेडियो शिक्षा, समुदाय शिक्षक परिचालन शिक्षावाट वालवालिकालाई गृहकार्य जस्ता कार्यक्रमवाट पठनपाठनको व्यवस्था मिलाईने छ ।

१५. यस नगरपालिकाका माध्यामिक विद्यालयहरुमा अध्ययनरत वालवालिकाहरुलाई स्टाफ नर्स मार्फत स्वास्थ्य शिक्षा सुधार कार्यक्रमलाई प्रभावकारी गराईने छ ।

१६ यस नगरपालिका भित्र संचालित विद्यालयहरुको शिक्षक/विद्यार्थीहरुवाट उत्कृष्ठ पहिचान गरी पुरस्कारको व्यवस्था गरिने छ ।

१७. विद्यालयमा रहेका किशोर किशोरीहरुको BMI मापन गरी कुपोषणको अवस्था पत्ता लगाइ पोषिलो खानेकुराको प्रवर्द्धन गरी घरबाट नै खाजा लिएर जाने वानीको विकाश गरी विद्यालयलाई जंकफुड निषेधित घोषण गरिने छ ।

## युवा तथा खेलकुद :

१. यस नगरपालिका भित्रका वेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम र नगर उद्यम विकास कार्यक्रम मार्फत रोजगार ब्यवस्थापन सूचना प्रणालीमा दर्ता गरी वेरोजगार युवालाई रोजगारीको सृजना गरिने छ ।

२. यस नगरपालिका भित्रका युवाहरुलाई प्रबिधि बिकास, सिप बिकास, उद्यम बिकासमा विशेष जोड दिदै आबश्यक नीति, नियम र कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।

३. यस नगरपालिका भित्रका युवा उद्यमी तथा उद्योग संचालन गरी रोजगारी सृजना गरिने उद्योग तथा उद्यमीहरुलाई अनुदान तथा प्रोत्साहनको ब्यबस्था मिलाईने छ ।

४. यस नगरपालिकामा खेलकूद कार्यबिधि निर्माण गरी नगर स्तरीय तथा वडा स्तरीय खेलकूद समिति गठन गरी परिचालन गरिने छ ।

५. यस नगरपालिकामा नगर स्तरीय खेलकूद मैदान निर्माण गर्ने तथा एक वडा एक खेल मैदान निर्माण गर्न आबश्यक पहल गरिने छ ।

६. यस नगरपालिकामा संचालित माध्यामिक बिद्यालयहरुमा खेदकूद सामग्री वितरण गरी खेलकूदलाई प्रोत्साहनको ब्यबस्था मिलाईने छ ।

७. नगर स्तरीय तथा जिल्ला स्तरिय संचालन हुने खेलकूद प्रतियोगिता तथा राष्ट्रपति रनिङ शिल्डलाई नियम संगत अनुशासित र मर्यादित बनाउदै प्रतिस्पर्धी खेलाडी उत्पादन गरी राष्ट्रिय खेलाडी उत्पादनमा बिशेष जोड दिईने छ ।

## खानेपानी तथा सरसफाइ :

१. ऐतिहासिक ढुंगेधारा, कुवा, पोखरी जस्ता पानीको श्रोतहरुका संरक्षण गरी खानेपानी अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानी खान पाउने अधिकारको सुनिश्चिता गरिने छ ।

२. खानेपानीको सतह तथा भुमिगत पानीको श्रोतहरुको जलाधार क्षेत्रलाई पानीका गुणस्तर र परिमाण कायम राख्न जलाधार क्षेत्रको संरक्षण एब सर्म्वद्धन गरी पानीको मुल परीक्षण समेत गरिने छ ।

३. खानेपानी तथा सरसफाईलाई प्रभाबकारीढंगले अघि बढाउन प्रत्येक वडाहरुमा खानेपानी तथा सरसफाईका गतिबिधी संचालन गरी जलाधार संरक्षणका क्रियाकलापहरु संचालन गरिने छ ।

४. सार्बजनिक यातायात तथा बस बिसौनी र अन्य सार्बजनिक क्षेत्रमा भएका सार्बजनिक शौचालय मर्मत गरी थप सार्वजनिक शौचालय निर्माण गरी संचालनमा ल्याईने छ ।

५. पानीका मुहान सरंक्षणका लागि मुहान वरिपरी बृक्षारोपण गरी वातावरण तथा जलबायु परिबर्तन र अनुकुलनका कार्यक्रमहरु संचालन गरिने छ ।

६. ढल निकास तथा फोहोर पानीका ब्यबस्थापन गरी कृषि योग्य भूमिहरुमा सिचाई हुने बाताबरणको सृजना गरिने छ ।

७. नेपाल सरकारको एक घर एक धाराको नीतितिलाई अवलम्वन गर्दै सुरक्षित खानेपानीयुक्त नगरपालिका निर्माणका लागि युनिसेफ नेपाल लगायत अन्य साझेदार दातृ संस्थाहरुसंग साझेदारी गरी सुरक्षित खानेपानी टोल घोषणा गर्ने नीति लिएको छ ।

८. खाडाचक्र नगरपालिका वडा नं. ५ र ६ मा संचालित ढडार खानेपानी आयोजना आ.व. २०७७/०७८ मा सम्पन्न गरी वडा नं. १, २, ३ र ४ मा चुलिमालिका वृहत खानेपानी आयोजना निर्माण कार्य संचालनमा ल्याईने छ ।

**स्वास्थ्य :**

१. कोभिड १९ महामारी तथा प्रकोपजन्य रोगहरुको समयमा व्यवस्थापन गर्न आवश्यकता अनुसार चेतनामुलक कार्यक्मलाई निरन्तरता दिई स्वयसेवकलाई परिचालन गरिने छ ।

२. कोभिड १९ को महामारीको अवस्थाको रोकथामका साथसाथै कुपोषण न्युनिकरणमा स्वस्च्छ पानी र जोखिमपुर्ण अवस्थामा हात धुने बानी तथा ब्यवहारले ४३ प्रतिशत सम्म कुपोषण रोकथाम हुने हुदा वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय र नगरपालिकामा साबुन पानीले हातधुने (Hand Washing Corner) स्थानको ब्यवस्था गरिने छ ।

३. नगर तथा जिल्लामा उपलब्ध जडीवुटीको व्यवस्थापन गर्न नगरस्तरीय आयुर्वेद औषधालयलाई थप ब्यवस्थित गरी संचालन गरिने छ ।

४. स्वास्थ्य संस्थाहरुबाट दिईरहेका सेवाहरुलाई थप सुदृढ गर्दै प्रेषण प्रणालीलाइ व्यवस्थित गरिने छ ।

५. स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिने छ ।

६. बर्तमान अवस्थामा बढदै गईरहेका नसर्ने रोगहरु जस्तै क्यान्सर, उच्च रक्तचाप, मधुमेह जस्ता रोगहरुबाट बच्न स्वास्थ्य शिक्षा, क्षमता अभिबृद्धि अभिमुखिकरण र बृद्ध बृद्धाहरुका स्वास्थ्य स्थिति जाँच शिबिर जस्ता कार्यक्रम संचालन गरी नसर्ने रोगहरुको पहिचान गर्ने ब्यवस्था मिलाईने छ ।

७. पूर्ण खोप सुनिश्चितता तथा दिगोपनालाई कायम राख्न वडा स्तरीय खोप समन्वय समितिलाई सक्रिय गराइ १६ देखि २३ महिनाका बालबालिकाहरुलाई पुर्ण खोप सुनिश्चित गरिनेछ ।

८. परिवार नियोजन सेवाको पहुँच बढाउन परिवार नियोजन, खोप र पोषण सेवा लिन आउने सेवाग्राहीका अनियमित दरलाई कम गर्न आमा समुहका बैठक, बिद्यालय स्वास्थ्य शिक्षा र वडा स्तरमा चेतनामुलक कार्यक्रमलाई प्रभावकारीरुपमा संचालन गरिने छ ।

९. यस नगरपालिकालाई कुपोषण मुक्त गर्नका लागि युनिसेफ नेपाल र खाँडाचक्र नगरपालिकाको सयुक्त लगानी र प्रयासबाट सबै वडाहरुमा सम्पुर्ण सुनौला हजार दिनका आमा तथा किशोरीहरुलाई बिशेष  कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।

१०. गर्भवती महिलाको स्वास्थ्य स्थितिको जाँच गर्न र चौथो पटक सम्म नियमित गर्भजाँचको सेवा दरलाई बढाउन ग्रामिण भिडियो एक्सरे सेवा र स्वास्थ्य संस्थामा सुत्केरी हुने र तिन पटक प्रसुती सेवा जाँच गर्ने सेवाग्राहीलाई थप प्रोत्साहन गरिने छ ।

११. पोषणयुक्त भोजन, ब्यक्तिगत सरसफाई, सामाजिक दुरी कायम राख्दा मास्कको प्रयोग र योगा, आयुर्वेदिक जस्ता बैकल्पिक उपचार विधिहरुको उपयुक्त प्रयोग गरी नागरिकहरुमा रोग प्रतिरोधात्मक क्षमता बुद्धि ल्याउन विशेष कार्यक्रम संचालन गरिने छ।

१२. वालवालिकाको पोषणको अवस्था पता लगाउनका लागि ६ देखि ५९ महिनाका बच्चाहरुका आमाहरुलाई नै आफ्नो वालवालिकाको पाखुराको नाप आफै लिई बच्चाको पोषणको अवस्थाबारे जानकारी लिन सक्ने ब्यवस्था मिलाईने छ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण :**

१. महिला हिंसा, घरेलु हिसा, वहुविवाह, जातिय विभेद, छुवाछुत, छाउपडी प्रथा, वाल श्रम न्युनीकरण सम्वन्धी कार्यक्रम वनाइ सञ्चालन गरिने छ।
२. लक्षित समुदायहरुका परम्परागत पेशा, ज्ञान, सिप र कलाको प्रवर्द्धन गर्दै उनीहरुको सिपलाई जर्गेना गर्दै आधुनिकिकरण र व्यवसायीकरण गरिने छ।
३. यस नगरपालिका भित्रका द्धन्द प्रभावित टुहुरा, अनाथ, हराएका, वेवारिसे अवस्थामा फेला परेका, बाबु आमा वा संरक्षकबाट बन्चित भएका, यौन शोषण, यौन दूर्व्यवहार, बेचबिखनमा परेका, सडक आश्रित, कुनै दुर्घटना, मानव सिर्जित वा प्राकृतिक प्रकोप वा दैवी विपतमा परेका, विपन्न तथा जेहेन्दार वालवालिकाहरुको लागि सहयोग गर्न वाल संरक्षण कोष खडा गरी कार्यविधि वमोजिम संचालन गर्ने ब्यवस्था मिलाईएको छ।
४. शहिद तथा वेपत्ता परिवारको हितका लागि बिशेष शिक्षा तथा आत्मनिर्भर कार्यक्रको ब्यबस्था गरिने छ।
५. घरेलु हिंसा, लैंगिक हिंसा, बालश्रम, जातिय बिभेद अन्त्य गर्नका लागि लक्षित बर्गको बजेटबाट बिशेष कार्यक्रम बनाई अभियानको रुपमा संचालन गरिने छ। साथै उक्त घोषणा गर्ने गाउँ टोल र वडाहरुलाई बिशेष पुरस्कारको ब्यबस्था गरिने छ।
६. लैंगिक समानताका लागि छोरी गर्भपतन कार्यलाई न्युनीकरण गर्न यस नगरपालिका भित्रका कुनै पनि दम्पतीले १ वा २ मात्र छोरी सन्तान जन्माई स्थाई परिवार नियोजन गरेमा उचित पुरस्कारको ब्यबस्था गरी छोरीहरुको पठन पाठनका लागि रु १ लाख सम्मको छात्रबृत्ति कार्यक्रमलाई निरन्तरता दिईने छ।
७. यस नगरपालिका भित्रका लक्षित वर्गहरु महिला, दलित, फरक क्षमता भएका, जेष्ठ नागरिक, वालवालिका लगायत अन्य समुहका लागि आयआर्जनमुलक कार्यक्रम संचालन गरी आत्म निर्भर वनाउन बजेट को ब्यवस्था गरिएको छ।
८. यस नगरपालिकाका नागरिकहरुको सूचनाको हकलाई मध्यनजर गरी यस नगरपालिका तथा सवै विषयगत शाखाहरुको छुट्टा छुट्टै सूचना प्रशारण तथा रेडियो कार्यक्रम संचालन गरी सूचना प्रणालीलाई प्रभावकारी गराईने छ।
९. यस नगरपालिका भित्रका सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुलाई वैंक खाता मार्फत भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिदै छुट तथा नयाँ लाभग्राहीहरुलाई अनिवार्य वैंक खाता मार्फत भुक्तानी दिई सामाजिक सुरक्षा भत्तालाई पारदर्शी र प्रभावकारीढंगले भुक्तानी गर्ने प्रणालीको विकास गरिने छ।

**भाषा तथा साँस्कृतिक :**

१. परम्परागत ज्ञान सिप र कलाको संरक्षण प्रर्बद्धन र बिकास गरी नयाँ पुस्ताका लागि हस्तान्तरण गर्ने वातावरणको सृजना गरिने छ।

२. स्थानीय श्रोत साधनबाट निर्माण गरिएका बस्तुहरुको बजारीकरण गर्न कोसेली घरको स्थापना गर्न आबश्यक पहल गरिने छ ।
३. परम्परागत भाषा सस्कृतिको जगेर्ना गर्दै प्रंचार प्रसारमा बिषेश जोड दिईने छ ।
४. स्थानीय मौलिकतामा आधारित साँस्कृतिक संरक्षण बिकासका लागि नगरपालिकामा जिल्ला स्तरिय बृहत साँस्कृतिक कार्यक्रम संचालन गर्न पहल गरिने छ ।

## ग) पुर्वाधार विकास क्षेत्र

१. यस खाँडाचक्र नगरपालिकावाट हालसम्म सडक पुग्न नसकेका वडाकेन्द्रमा आगामी वर्षमा सडक पहुँच पुऱ्याउन विशेष पहल गरिने छ ।
२. यस नगरपालिका भित्रका निर्माण भई सकेका र निर्माणाधिन अबस्थामा रहेका सडकहरुको सडक स्तर कायम राख्न तथा नियमित मर्मत सम्भार गर्नका लागि सडक बोर्ड नेपाल तथा नगरपालिकाको साझेदारीमा नियमित मर्मत सम्भार कार्यलाई निरन्तरता दिइने छ ।
३. खाँडाचक्र नगरपालिका तथा सबै वडा कार्यालयहरुको आफ्नै भबन नभएकाले भौतिक संरचना निर्माण गर्नका लागि पहल गरिने छ ।
४. नगरपालिकाको बजार क्षेत्रमा सौर्य सडक बत्ति जडान गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
५. यस नगरपालिकाको क्षेत्र भित्र नदी, गाड तथा खोलाहरुमा आबश्यकता हेरी पक्की पुल, झो.पु., कल्भर्ट निर्माणका लागि प्रथमिकताका आधारमा निर्माण कार्य अघि वढाउन पहल गरिने छ ।
६. यस नगरपालिका भित्रका विद्युत लाईन विस्तार हुन वाँकी वडाहरुमा आगामी आ.व. २०७७/०७८ मा विद्युतीय लाईन विस्तार गरी वत्ति वाल्न पहल गरिने छ ।
७. यस खाँडाचक नगर सभावाट विधिवतरुपमा छनौट भई आएका तथा नगरपालिकाले आवश्यकता महशुस गरेका पुर्वाधार लगायत अन्य योजना तथा आयोजनाहरु संचालनका लागि विश्ववैंक, शहरी विकास मन्त्रालय, एएसडिपि कार्यकम लगायतका विकास साझेदार निकायहरुसंग समन्वय गरी योजना कार्यान्वयनका लागि पहल गरिने छ ।

## घ.) सुशासन तथा अन्तर सम्वन्धित

### विपद् व्यवस्थापन

१. यस नगरपालिका भित्रका सवै वडामा NCCSP 2 अन्तर्गत CRDP योजनाहरु सबै वडाहरुमा प्रभाबकारी रुपमा संचाालन गरिने छ ।
२. यस नगरपालिका भित्रका स्वच्छ वातावरण कायम राख्न वजार व्यवस्थापन र फोहोर मैला व्यवस्थापनका लागि ओखरेनी डम्पिङ्ग साइड निर्माण कार्य सम्पन्न गरी नियमित वजार सरसफाइ कार्य लाई प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ ।
३. यस नगरपालिका क्षेत्र भित्र आइपर्ने दैवि प्रकोप, वाढी पहिरो, आगलागी, घटना, दुर्घटनामा परेका पिडित घर परिवार तथा व्यक्तिलाई तत्काल उद्दार तथा राहत पुर्नस्थानाका लागि विपत व्यवस्थापन कोषको व्यवस्था गरिने छ ।

४. यस नगरपालिकाको सम्पुर्ण नाङ्गा डाँडापाखा, खाली जमिनमा वृक्षारोपण गरी हरियाली नगर वनाउन प्रत्येक वडामा कृषि तथा वन नर्सरी निर्माणका लागि आवश्यक कार्यक्रम वनाई कार्यान्वयन गरिने छ ।

५. यस नगरपालिका भित्रका सम्पुर्ण सामुदायिक वनहरुलाई सुचिकृत गरी दिगो वन ब्यबस्थापनको कार्यमा राम्रो काम गर्ने सामुदायिक वन उपभोक्ता समुहहरुलाई मापदण्ड निर्धारण गरी पुरस्कृत गर्ने ब्यबस्था मिलाईने छ ।

**मानव संसाधन विकास**

१. मानव संसाधन विकासका लागि सम्पुर्ण पदाधिकारी, कर्मचारीहरुको क्षमता विकासका साथै थप ज्ञान, सीप र दक्षताका लागि तालिम गोष्ठी, अन्तरक्रिया, अध्ययन तथा अवलोकन भ्रमण जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२. यस नगरपालिकाको आ.व. २०७७/०७८ का विनियोजित नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्नका लागि वार्षिक/अर्ध वार्षिक/चौमासिक कार्ययोजना/कार्यतालिका निर्माण गरी कार्यान्वयन गरिने छ । सो कार्यतालिका वमोजिमका सम्पुर्ण भए गरेका काम कार्यको सार्वजनिक सुनुवाइ गरिने छ ।

३. कोभिड १९ लगायत अन्य नगरपालिकाको लक्ष्य बमोजिम नियमित कार्य सम्पादन मुल्याङकन गर्ने उत्कृष्ट कर्मचारी तथा पदाधिकारीलाइ पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

४. यस नगरपालिका भित्रका विभिन्न वडाहरुको मालपोत संग सम्वन्धित श्रेस्ताहरुलाई ब्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

**सभा अध्यक्ष महोदय,**

अव म आ.व. २०७६/७७ को आय ब्यय अनुमानको प्रगती विवरण पेश गर्न अनुमती चाहन्छु ।

नेपाल सरकारको अनुदान अन्तर्गत सरकारी वित्तिय हस्तान्तरण सशर्त अनुदान तर्फ रु. १७ करोड ९२ लाख ६५ हजार, वित्तिय समानीकरण अनुदान तर्फ रु. १२ करोड १८ लाख, राजश्व वाडफाडवाट प्राप्त हुने ७ करोड १४ लाख, सामाजिक सुरक्षा तर्फ रु. ७ करोड ५० लाख, समपुरक अनुदान तर्फ १ करोड ६१ लाख, विशेष अनुदान तर्फ ७० लाख गरी जम्मा रु. ४७ करोड ५ लाख ६५ हजार प्राप्त हुने अनुमान भएको,

कर्णाली प्रदेश सरकारवाट समानीकरण अनुदान तर्फ १ करोड १ लाख ८ हजार, विशेष अनुदान तर्फ रु. ३० लाख सशर्त अनुदान तर्फ रु. ८० लाख, समपुरक अनुदान तर्फ रु. १ करोड र राजश्व अनुमान तर्फ रु. ५ लाख ७९ हजार प्राप्त हुने अनुमान भएको, गत वर्षको मौज्दात रु. २ करोड ९२ लाख र आन्तरीक आय तर्फ रु. १ करोड अनुमान भएकोमा कोभिड -१९ का कारणले राजश्व वाडफाडको रकम हाल सम्म संघीय सरकारवाट ७ करोड १४ लाख प्राप्त हुने अनुमान गरिएकोमा ३ करोड ८६ लाख मात्र प्राप्त भएको, कर्णाली प्रदेशवाट राजश्व वाडफाडको रकम प्राप्त हुन नसकेको साथै आन्तरीक राजश्व १ करोड अनुमान गरिएकोमा ५० लाख ५० हजार मात्र संकलन भएकोले चालु खर्च र पुजिगत खर्चमा सोचे अनुरुप प्रगती हुन सकेको छैन । जसमा विभिन्न अनुदानका रकमवाट विषयगत शाखाको हाल सम्म ८० प्रतिशत प्रगती भएको छ । वडागतरुपमा विनियोजित भएका पुजिगत रकमहरु ९६ प्रतिशत प्रगती भएको देखिन्छ भने नगर गौरवका ठूला आयोजना लगायत अन्य पुजिगत खर्च अन्तर्गत ठेक्कापट्टा भई निर्माणाधिन रहेका आयोजनाहरु

लकडाउनका कारणले सोचे अनुसार प्रगती नभई ५५ प्रतिशत मात्र प्रगती भएको देखिन्छ । सो आयोजनाहरु क्रमागतरुपमा सम्पन्न हुने गरी बजेट अल्या हुने व्यवस्था मिलाएको छु ।

अव म यस गरिमामय नगर सभामा आगामी आ.व. २०७७/७८ को आय र व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

## आय तर्फ

क) नेपाल सरकारको अनुदान अन्तर्गत सरकारी वित्तिय हस्तान्तरण सशर्त अनुदान तर्फ रु. १८ करोड २५ लाख, वित्तिय समानीकरण अनुदान तर्फ रु. १२ करोड १ लाख, राजश्व वाडफाडवाट प्राप्त हुने रु ७ करोड ३५ लाख ४६ हजार ६ सय, सामाजिक सुरक्षा तर्फ रु. ७ करोड ५० लाख, समपुरक अनुदान तर्फ रु ३० लाख, विशेष अनुदान तर्फ रु ५० लाख, स्थानीय पुर्वाधार विकास तथा साझेदारी कार्यक्रम रु. ८० लाख, गरिवसंग विश्वेश्वर कार्यक्रम तर्फ रु ५ लाख, वहुक्षेत्रीय पोषण तर्फ रु. १५ लाख गरी जम्मा रु. ४६ करोड ९१ लाख ४६ हजार ६ सय प्राप्त हुने अनुमान गरिएको छ ।

ख) कर्णाली प्रदेश सरकारवाट समानीकरण अनुदान तर्फ रु ९८ लाख ९१ हजार, विशेष अनुदान तर्फ रु. ४५ लाख सशर्त अनुदान तर्फ रु. ३० लाख, समपुरक अनुदान तर्फ रु. १ करोड ४० लाख र राजश्व अनुमान तर्फ रु. ५ लाख १५ हजार, मुख्यमन्त्री रोजगार कार्यक्रम तर्फ रु. १ करोड र पुर्वाधार विशेष कार्यक्रम तर्फ रु. १ करोड ६० लाख गरी जम्मा रु. ५ करोड ७९ लाख ६ हजार प्राप्त हुने अनुमान गरिएको छ ।

ग) आन्तरीक आय तर्फ रु. १ करोड, आ.व. २०७६/७७ का क्रमागत योजना र मौज्दात बजेट रकम रु. ५ करोड ५ लाख ९ हजार, युनिसेफ नेपाल मार्फत रु ५३ लाख ९४ हजार २ सय, विश्व वैंकको सहयोगमा शहरी विकास मन्त्रालय मार्फत प्राप्त हुने रु २ करोड, हेल्भटास नेपालवाट प्राप्त हुने रु ४१ लाख ३० हजार, सडक वोर्ड नेपाल रु. ५० लाख गरी जम्मा रकम रु. ९ करोड ५० लाख ३३ हजार २ सय प्राप्त हुने अनुमान गरिएको छ ।

यसरी संघीय सरकार, कर्णाली प्रदेश सरकार, आन्तरीक आय, विभिन्न दातृ निकाय गरी जम्मा आय रु. ६२ करोड २० लाख ८५ हजार ८ सय अनुमान गरेको छु ।

## व्यय तर्फ

आ.व. २०७७/०७८ मा नगरपालिका चालु खर्च अन्तर्गत रु. ८ करोड ४० लाख ६१ हजार ६ सय, सडक, पुल निर्माण लगायत अन्य पुर्वाधार तर्फ कुल वडागतरुपमा रु. ३ करोड ३१ लाख, स्वास्थ्य क्षेत्र तर्फ रु. १ करोड ५२ लाख, शिक्षा युवा तथा खेदकुद क्षेत्रमा रु. १ करोड ५१ लाख, कृषि क्षेत्र तर्फ रु. ९० लाख, पशु सेवा तर्फमा रु. ४० लाख, उपमेयर संग महिला कार्यक्रमको लागि रु. १६ लाख, महिला, वालवालिका तथा लक्षित वर्गका लागि रु. ५३ लाख, वन तथा वातावरणका लीग रु १६ लाख, वहुक्षेत्रीय पोषण तर्फ रु.४५ लाख, युवायुवतीहरुका लागि उद्यम विकास कार्यक्रम तर्फ रु २० लाख, संस्कृती तथा पर्यटन विकास तर्फ रु. १० लाख, शहिद तथा वेपत्ता परिवारका सदस्यहरुलाई आत्मनिर्भर कार्यक्रमका लागि रु. ८ लाख, प्रकोप/विपद व्यवस्थापनका लागि रु. ४० लाख, सहकारी प्रवर्द्धनका लागि रु. ५ लाख, शसर्त तर्फ रु. १८ करोड ५५ लाख, समपुरक तर्फ रु. ४ करोड ७० लाख, विशेष अनुदान तर्फ रु. ९५ लाख, सामाजिक विकास सुरक्षा तर्फ रु. ७ करोड

५० लाख, पुर्वाधार साझेदारी विकास कार्यक्रम तर्फ रु. २ करोड ४० लाख, गरिवसंग विश्वेश्वर कार्यक्रम रु ५ लाख, मुख्यमन्त्री कार्यक्रम तर्फ रु. १ करोड र नगरपालिकाको क्रमागत योजना र अन्य दातृ निकायका कार्यक्रम र नगरपालिकाका अन्य कार्यक्रम तर्फ रु. ७ करोड ८८ लाख २४ हजार २ सय गरी कुल बजेट  रु. ६२ करोड २० लाख ८५ हजार ८ सय अनुमान गरेको छु । माथि उल्लेखित विनियोजित अनुमानित बजेट ले सम्पूर्ण विषयगत शाखा, वडागत पुर्वाधार लगायत अन्य विभिन्न विकास निर्माणका कार्य मार्फत खाडाँचक्र नगरपालिकाको विकास र सम्वृद्धीमा योगदान पुग्ने अपेक्षा गरेको छु ।

अन्तमा,

यस गरिमामय सभामा उपस्थित हुनु भएका सभाका सदस्य ज्युहरु, कर्मचारीहरु आमन्त्रीत महानुभावहरु तथा साझेदार सहभागितात्मक योजना तर्जुमा प्रकृयामा सहयोग पुर्‍याउनु हुने सम्पुर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै प्रस्तावित नीति, कार्यक्रम तथा बजेटले नगरवासीको चाहाना र आवश्यकतालाई परिपुर्ति गर्न सफल हुनेछ भन्ने विश्वास राख्दै सफल कार्यान्वयनमा समेत यहाँहरुको रचनात्मक सुझाव सहित नीति, कार्यक्रम तथा बजेट यही अन्त्य भएको स्म्मानीत गरीमामय सभा समक्ष जानकारी गराउँदछु ।

धन्यवाद ।

**<u>प्रस्तुतकर्ता</u>**

विजया विष्ट
नगर उपप्रमुख
खाँडाचक्र नगरपालिका, कालीकोट
२०७७, आषाढ १० गते